# प्रेम र न्याय: अत्यन्तै महान् दुई आज्ञाहरू



## शबाथ दउिसो

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:** *मत्ती २२:३४-४०; जकरिया ७:९-१२; भजनसंग्रह ८२; मीका ६:८; मत्ती २३:२३-३०; लूका १०:२५-३७।*

**याद गर्नुपर्ने पद: "यदि कसैले 'म परमेश्‍वरलाई प्रेम गर्छु,' भन्छ तर आफ्नो भाइलाई घृणा गर्छ भने त्यो मानिस फटाहा हो। आफूले देखेको भाइलाई नै प्रेम गर्दैन भने उसले नदेखेका परमेश्‍वरलाई कसरी प्रेम गर्न सक्छ र?"** *(१ यूहन्ना ४:२० रूपान्तरित)*।

**अन्त्यमा** परमेश्‍वरले उहाँको समयमा सबै थोकहरू ठिक पार्नुहुन्छ भनेर हामीलाई थाहा भए तापनि हामी इसाईहरू भएको हैशियतले यस संसारमा अहिले नै जे गर्छौं त्यसको ठूलो सरोकार हुन्छ भनेर थाहा पाउनु जरुरी छ। अहिले नै परमेश्‍वरले अन्याय र खराब तत्त्वहरूलाई निर्मूल पार्नुहुन्न होला भन्ने कुराको अर्थ मानव कष्टलाई सकेसम्म हाम्रो शक्तिले भ्याएसम्म केही नगरी हात बाँधी बस्नुपर्छ भन्ने येशूका शिक्षा होइन्। यो हामीले ख्याल गर्नुपर्छ कि यस संसारमा जे खराब भए तापनि त्यो जगत् ब्रह्माण्डको परिवेशभित्रै भइरहेको हुन्छ। यथार्थमा भन्ने हो भने हामी येशूभक्त भएका हैशियतले मानव जीवनको उत्थान गर्न हामीले गर्नुपर्ने सबै काम गर्न हामीलाई आह्वान गरिएको छ।

प्रेभ र न्याय एउटा सिक्का दुई पाटाहरू हुन् भनेर हामीले हेर्‍यौं। तिनीहरूलाई एक आपसबाट अलग गर्न सकिँदैन। परमेश्‍वरले न्यायलाई प्रेम गर्नुहुन्छ वा जे उचित छ सो

गरेको उहाँले मन पराउनुहुन्छ। त्यसैअनुसार यदि हामीले परमेश्वरलाई प्रेम गर्छौं भने हामीले न्यायलाई पनि प्रेम गर्नेहुन्छौं।

त्यसरी नै यदि हामीले परमेश्वरलाई प्रेम गर्छौं भने हामीले एक आपसलाई पनि प्रेम गर्नेछौं। हाम्रो प्रेम गर्ने भाग भनेकै हाम्रा वरिपरि रहेका मानिसहरको कल्याणको निम्ति हामीले जे गर्नुपर्ने हो सो गरेर देखाउनु हो। येशूभक्तलाई भिक्षु बनेर कुटीमा मात्र ध्यान गरेर बस्न अनुमति छैन। जब मानिसहरू गरिब भएर दुःख पाउँछन्, तिनीहरू दबाबमा पर्छन् र अन्यायमा पर्छन् भने हामी चुप लागी बस्नुहुन्न। समाजका विषम परिस्थितिहरूप्रति हामी आँखा चिम्लेर बस्ने होइन। हामी आफैले व्यक्तिगत रूपमा वा सामूहिक रूपमा के गर्नुपर्छ सो गर्नैपर्छ। यस टुक्रिएको र क्षत विक्षत भएको संसारमा परमेश्वरको धार्मिकताको सिद्ध चरित्र र प्रेमलाई झल्काउन वा त्यसलाई अगाडि बढाउन प्रयास गर्नु प्रत्येक येशूभक्तको कर्तव्य हो।

# दुई महान् आज्ञाहरू

यस संसारमा भइरहेका अप्रिय गतिविधिप्रति हामी संवेदनशील हुनुपर्छ। व्यक्तिगत रूपमा होस् वा सामूहिक रूपमा होस्, यस संसारमा हामीले परमेश्‍वरको प्रेम र न्यायलाई देखाउनुपर्दछ। येशूले हामीलाई के आज्ञाहरू दिनुभएको छ त्यसमा मध्यनजर राखेर अगाडि बढिरहनु उचित देखिन्छ।

पढ्नुहोस्: **मत्ती २२:३४-४०मा एक जना शास्त्री वा बाइबलका गुरुले येशूकहाँ आएर प्रस्न गरेका थिए। त्यो प्रश्‍नको जवाफ येशूले कसरी दिनुभयो?**

येशूको आफ्नै वचनअनुसार "परमेश्‍वरलाई सारा हृदय वा दिलले, सारा प्राणले र सारा दिमागले प्रेम गर्नु" भनिएको प्रथम र सबभन्दा महान् आज्ञा हो। दोस्रोचाहिँ "तिम्रो छिमेकीलाई तिमी आफैलाई जस्तो प्रेम गर्नु" भनेर उहाँले भन्नुभएको छ। ती दुई आज्ञाहरू एक आपसमा अलग भएर बस्दैनन्। त्यसकारण, येशूले यो थप्नुहुन्छ, "यी दुई आज्ञाहरूमा सबै व्यवस्था वा धार्मिक विधिहरू र अगमवक्ताहरूका वचनहरू झुण्डिएका छन् *(मत्ती २२:३७-४०)*। ती दुवै आज्ञाहरू येशूले पुरानो करारबाट उतार्नुभएको थियो।

पढ्नुहोस्: **मत्ती २२मा शास्त्रीले सोधेका प्रश्‍नको उत्तरचाहिँ मत्ती १९:१६-२३मा धनी युवक शासकले सोधेका प्रश्‍नप्रति येशूको उत्तरसँग कसरी मिल्दछ?**

यहाँ के भइरहेको छ? त्यस मानिसलाई त्यसरी किन जवाफ दिनुभयो? हामी जो भए तापनि वा जुन प्रतिष्ठामा बसे पनि येशूका ती वचनहरूले हाम्रो जीवनमा

कसरी असर पार्नुपर्दछ?

"त्यो धनी युवक शासक परिपक्व इसाई हुन सक्ने स्थितिलाई ध्यान दिएर येशूले सम्बोधन गर्नुभएको थियो। उहाँका वचनहरू ज्ञान बुद्धिले भरिएका थिए। झट्ट हेर्दा उहाँका शब्दहरू कठोर त देखिन्थे साथै उहाँको माग कडा देखिन्थ्यो। त्यस शासक युवकको मुक्तिको आशा केवल येशूका वचनहरू स्वीकारेर पालन गर्नु थियो। उसमा भएका धन र उसको उच्च आधिकारले उसको चरित्रमा उसलाई थाहै नदिईकन दाग लाग्न सक्ने सम्भावना थियो। यदि आफ्नो धन र प्रतिष्ठालाई कायमै राख्न चाहेमा उसले परमेश्वरका स्नेहहरूको अनुभव गर्न सक्दैनथ्यो। परमेश्वरको नीतिमा नचलेर अलिकति वा धेरै धन थुपार्ने उसको प्रवृत्तिले उसको नैतिक बल गिर्दथ्यो र उसमा भएको जाँगर पनि खुम्चिन्थ्यो। यस संसारमा आफ्नो भाउ, इज्जत, प्रतिष्ठा मात्रै खोज्ने बानीलाई हृदयमा पोषाइराखियो भने त्यसले उसलाई नै डुबाउँथ्यो। मानिसका अगाडि ती असलै देखिए तापनि अन्तमा आएर तिनीहरू अनिश्चित र बेकारका हुन्छन्।"–एलेन जी. ह्वाइट, द *डिजाएर अभ एजेज्*, पृ. ५२०।

**त्यस धनी शासकलाई जस्तो, हामीसँग भएका सबै थोकहरू बेच भनेर त हामीलाई आह्वान नगर्ला, तर हामीसँग के थोकहरूमा झुण्डिरहने बानी छ जसले हामीलाई अनन्तको नाशमा लान सक्छ?**

# दुई महान् पापहरू

येशूका आफ्नै वचनमा दुई सबभन्दा महान् आज्ञाहरू वा परमेश्वरका नीतिहरू के हुन् भनेर प्रस्तुत गरिएको छ। ती हुन् सारा हृदय वा मनले, दिमागले, आत्माले र शरीरले परमेश्वरलाई प्रेम गर्नु वा उहाँमाथि श्रद्धा राख्नु र एक आपसमा आफूहरूलाई जस्तै प्रेम गर्नु। जब येशूका कदमहरूमा कोही हिँड्छन् भने तिनीहरूले त्यो प्रेम देखाउँदा वा प्रभुका आदेशहरू पालन गर्दा केही न केही ठोस रूपमा त्याग गर्नुपर्ने हुन्छ। येशूलाई विश्वास गर्नु धर्म हो भनेर उहाँलाई धर्मका पर्खालहरूभित्र राख्नु येशूभक्तको निम्ति घातक हुन सक्छ। ती पर्खालहरू तोडेर जन समक्ष व्यावहारिक रूपमा प्रस्तुत गर्नु येशूको माग हो।

यदि परमेश्वरलाई प्रेम गर्नु र एक आपसमा प्रेम गर्नुचाहिँ सबभन्दा महान् दुई आज्ञाहरू हुन् भने सबभन्दा महान् दुई पापहरू के हुन त?

पढ्नुहोस्: **भजनसंग्रह १३५:१३-१९ पढ्नुहोस्। लोकले नै मानेको साधारण पाप लोकको निम्ति नभए तापनि परमेश्वरको सामु अघोर पाप के रहेछ भनेर ती पदहरूले कसरी खुलासा गरेका छन्?**

________________________________________

________________________________________

यस जीवनमा परमेश्वरलाई सर्वोपरी प्रेम गर्नु भन्ने महत्त्वपूर्ण धारणालाई पुरानो करारभरि जोडका तोडले निरन्तर रूपमा छरिरहेको छ *(व्यवस्था ६:५)*। परमेश्वरलाई प्रेम गर्नुको विपरित मूर्तिपूजा गर्नु हो। बाइबलमा मूर्तिपूजा गर्नु वा परमेश्वरलाई सर्प, कुकुर, ढुङ्गा आदिमा झारेर पूजा गर्न खोज्नु महापाप हो भनेर उल्लेख गरिएको छ।

पढ्नुहोस्: **जकरिया ७:९-१२मा परमेश्वरले केको घोर निन्दा वा विरोध गर्नुहुन्छ त्यो लेखिएको छ। लोकमा मान्यता पाएको तर परमेश्वरको निम्ति महापाप हुने कुराचाहिँ दुई आदेशहरूको विपरित किन छ?**

________________________________________

________________________________________

परमेश्वर प्रेमले नै भावित भएर मूर्तिपूजाको मात्र निन्दा गर्नुहुन्न; तर धर्मकै नाउँमा किन नहोस्, उहाँका जनहरूले व्यक्तिगत रूपमा होस् वा सामूहिक रूपमा होस्, एक आर्काले एक आर्कालाई गरिने दुर्व्यवाहार, अन्यायप्रति परमेश्वर क्रोधित हुनुभएको छ।

दुई महान् आज्ञाहरूलाई व्यवहारमा नल्याउने मानिसहरूका नीतिलाई परमेश्वरले विरोध गर्नुहुन्छ। परमेश्वरलाई प्रेम गर्नु र एक आपसमा प्रेम गर्ने नीति नै उहाँको नीति हो। यदि हामीले परमेश्वरलाई प्रेम गरेनौं र एक आपसलाई प्रेम गरेनौं भने परमेश्वरका आज्ञाहरूलाई पालन गर्न सक्दैनौं।

१ यूहन्ना ४:२०, २१मा स्पष्ट रूपमा बताइएको छ, "कसैले 'म परमेश्वरलाई प्रेम गर्छु' त भन्छ तर आफ्ना भाइको घृणा गर्छ भने त्यो मानिस फटाहा हो। आफूले देखेको भाईलाई प्रेम गर्न नसक्नेले आफूले नदेखेको परमेश्वरलाई उसले कसरी प्रेम गर्न सक्छ र? यो आज्ञा हामीले उहाँबाट पाएका छौं: जसले परमेश्वरलाई प्रेम गर्छु भन्छ उसले आफ्नो भाइलाई पनि प्रेम गर्नैपर्छ।"

**एक आपसमा प्रेम गर्नेबाट अलग रहेर परमेश्वरलाई प्रेम गर्न सकिँदैन भन्ने धारणालाई तपाईंले कस्तो व्याख्या गर्न सक्नुहुन्छ? यी दुई कुराको बीचमा रहेको नचुँडिने सम्बन्धलाई तपाईंले कसरी बुझ्नुहुन्छ?**

# परमेश्वर न्यायप्रेमी हुनुहुन्छ

परमेश्वरले न्यायलाई प्रेम गर्नुहुन्छ र अन्याय वा दुष्टलाई घृणा गर्नुहुन्छ भनेर बाइबलले बताउँदछ *(भजनसंग्रह ३३:५; यशैया ६१:८)*। यस संसारमा भइरहेका अन्याय र अत्याचारप्रति उहाँले गहिरो चासो राख्नुहुन्छ। अन्याय र अत्याचारका मारमा परेकाहरूको निम्ति उहाँको धार्मिकताको क्रोध दन्किन्छ। परमेश्वर दबिएका र विपिन्न वर्गका मानिसहरूका पक्षमा निरन्तर रूपमा बोलिरहनुभएको कुरा दुवै पुरानो र नयाँ करारमा उल्लेख गरिएको छ। अत्याचारी, शोषक, दमनकारीहरूको खिलाफमा परमेश्वरको धार्मिक क्रोध वर्षिरहेको हामी बाइबलमा पढ्छौं।

पढ्नुहोस्: **भजनसंग्रह ८२ अध्याय पढ्नुहोस्। यस संसारमा न्यायप्रति परमेश्वरको चासो छ भनेर यसले कसरी व्यक्त गर्दछ? अहिलेकै परिप्रेक्ष्यमा त्यसको अर्थ के हो?**

________________________________________

________________________________________

________________________________________

यस संसारका राजनैतिक शासकहरू, जो समाजमा अन्याय, अत्याचार र क्रूर छन् र अन्धकारका शक्तिहरू जसलाई मानिसहरूले भगवान भनेर सम्बोधन गर्छन्, तिनीहरूलाई नै यस अंशले औँल्याएको छ भनेर बाइबलका धेरै व्याख्याकारहरूले बुझेका छन्। यस संसारका भ्रष्ट न्यायधिसहरू र शासकहरूको पर्दा पछाडि नै ती दुष्ट वा शैतानका फौजहरूले काम गरिरहेका हुन्छन्। ती भ्रष्ट, अधर्मी र निष्ठुर शासकहरूलाई प्रश्न गरिएको छ, "तिमीहरू कहिलेसम्म अन्याय गर्छौ र दुष्टहरूको पक्षमा उभिरहन्छौ?" *(भजनसंग्रह ८२:२)*।

अझ तिनीहरूलाई यो आदेश दिएको छ, "गरिब र टुहुराहरूको पक्षमा बोल; आवश्यक र कष्टमा परेकाहरूको न्याय गर। दरिद्र, दबिएका, दलित र विपिन्न वर्गलाई उद्धार गर; निरङ्कुश, दुष्ट र अत्याचारीका हातहरूबाट तिनीहरूलाई भगाउ *(भजनसंग्रह ८२:३, ४)*। यहाँ र अरू ठाउँहरूमा पुरानो करारका अगमवक्ताहरूले न्याय गर भनेर उच्च स्वरले कराएको वा बुलन्द आवाज निकालेको पाइन्छ। यो आवाज परमेश्वरको न्यायको परिधिभन्दा बाहिर छैन। पुरानो करारभरिका अगमवक्ताका सन्देशहरूको केन्द्रबिन्दु

नै न्याय गरेर चल भनेको पाइन्छ। जब येशू मानव अवतार लिनुभयो उहाँले पनि गरिब, दमनकारीका मारमा परेकाहरूको पक्षमा र अत्याचारीहरूको विरुद्धमा आवाज उठाउनुभएको थियो।

परमेश्वरलाई प्रेम गर्छु, उहाँका आज्ञाहरूलाई पालन गर्छु, उहाँका धर्ममा हिँड्छु भनेर दाबी गर्ने प्रत्येक भक्तलाई अन्याय गर्ने, अत्याचार गर्ने र अभावग्रस्त पार्नेहरूको खिलाफमा बुलन्द आवाज उठाऊ भनेर उहाँले आह्वान गर्नुभएको छ। धर्मात्माको खोलचाहिँ ओढ्ने तर समाजमा अन्यायमा परेकाहरूको पक्षमा नबोल्ने नीति उहाँको निम्ति अमान्य छ। मीका ६:८ र अन्त पनि परमेश्वरका जनहरूलाई यो आह्वान गरिएको छ, "ए मानिस, जे असल छ सो परमेश्वरले तिमीहरूलाई देखाउनुभएको छ। तिमीहरूबाट परमेश्वरको माग के हो त? न्यायमा हिँड, कृपालाई प्रेम गर र तिम्रो परमेश्वरका सामु विनम्र भएर हिँड।"

यो भावना बाइबलभरि गुञ्जिएको छ। येशू आफैले खोलेर भन्नुभयो, "यदि तिमीहरूले एक आपसमा प्रेम गर्छौं भने सबैले तिमीहरू मेरा भक्त वा चेलाहरू हौ भनेर चिन्नेछन्।" *(यूहन्ना १३:३५; यसलाई १ यूहन्ना ४:८-१६सँग तुलना गर्नुहोस्)*।

**यदि मीका ६:८लाई जानाजानी हाम्रा परिवार र चर्चहरूले व्यवहारमा उतारे, हाम्रो समाज कस्तो हुने होला? तपाईं जो हुनुभए तापनि, जहाँ हुनुभए तापनि, जे काम गर्नुभए तापनि ती नीतिहरूलाई उत्तम तरिकाले लागु गर्न कसरी प्रयास गर्न सक्नुहुन्छ?**

# न्यायलाई स्थापना गर्न आह्वान

समाजमा न्याय गर्न बाइबलका अगमवक्ताहरूले निरन्त रूपमा आह्वान गरिरहेका थिए। न्यायको पक्षमा र दमनको विरोधमा आवाज उठाउन बाइबलले उल्लेखनीय रूपमा व्यक्त गर्न रोकेको छैन। न्यायको निम्ति परमेश्वरले गर्नुभएको आह्वान नै न्याय स्थापना गर्न परमेश्वरको आवाज थियो।

उदाहरणको लागि, अगमवक्ता यशैयाले त्यति बेलाको इस्राएलमा भएको अन्यायको बारेमा नबोली बस्दैनन्। उनको भनाइ र न्यायको आह्वान आज हाम्रो कानमा चर्को स्वरमा गुञ्जिनुपर्छ। "भलाइ गर्न सिक! न्याय खोज, अत्याचारमा परेकाहरूलाई प्रोत्साहन देओ, टुहुरा-टुहुरीको रक्षा गर, विधवाको पक्षमा बोलिदेओ" *(यशैया १:१७)*। उनले यो थप्दछ, "तिनीहरूलाई धिक्कार छ जसले अन्यायका कानुनहरू पारित गर्छन् र आवश्यक परेकाहरूको न्याय गर्दैनन्" *(यशैया १०:१, २)*। उनले यो चेतावनी थप्छन्, "दण्ड पाउने दिनमा तिमीहरूले के गर्नेछौ? टाढाबाट विनाश आउने बेलामा तिमीहरूले के गर्नेछौ? सहायताको निम्ति कसमा तिमीहरू भाग्नेछौ? तिमीहरूले पाएका मान, इज्जत, सम्मान, प्रतिष्ठा, महिमा वा इज्जत तिमीहरूले कहाँ छोड्नेछौ?" *(यशैया १०:३ रूपान्तरित)*।

यसरी नै अगमवक्ता यर्मियाले परमेश्वरको सन्देश घोषणा गर्छन्, "'धिक्कार त्यसलाई, जसले अधर्म वा भ्रष्टाचार गरेर आफ्नो महल बनाउँदछ, जसले आफ्ना माथिल्ला कोठाहरू अन्यायले बनाउँछ, जसले आफ्ना देशवासीहरूलाई सित्तैँमा सेवा गर्न लगाउँछ वा शोषण गर्छन्, र तिनीहरूलाई आफ्ना मेहनतको ज्याला दिँदैन। ... के तेरो बाबुसित खाने र पिउने थोक थिएनन् र? त्यसले उचित र ठीक काम गऱ्यो, र त्यसलाई असलै भयो। त्यसले गरीब र दरिद्रहरूको रक्षा गऱ्यो, र त्यसलाई असलै भयो। मलाई चिन्नुको अर्थ के यो होइन र?' परमप्रभु भन्नुहुन्छ।" *(यर्मिया २२:१३, १५, १६)*।

पढ्नुहोस्: **मत्ती २३:२३-३० पढ्नुहोस्। यहाँ परमेश्वरका जनहरूले अपनाउनुपर्ने अत्यन्तै महत्त्वपूर्ण कुराहरू के हुन्? येशूले भन्नुभएका गहकिला कामहरू के हुन्?**

अन्यायको विरुद्धमा केवल पुरानो करारका अगमवक्ताहरूले आवाजहरू उठाएका थिए भनेर कतिपयले सोच्लान्। तर येशूको सेवाकार्यमा उहाँले पनि अन्याय, अत्याचार र दमनको विरुद्ध आवाज उठाउनुभएको थियो। उहाँले धर्मको खोल ओढ्ने धर्मगुरु, शास्त्री र पुजारीहरूको यसरी निन्दा गर्नुभएको थियो, "धिक्कार तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू! किनकि तिमीहरू पुदीना र सूँप र जीराको दशांश दिन्छौ, तर व्यवस्थाका गहकिला विषयहरू, अर्थात् न्याय, दया र विश्वासको अवहेलना गरेका छौ। तिमीहरूले दशांश दिने काम गर्नुपर्नेथियो, अनि ती गहकिला विषयहरूको अवहेलना नगर्नुपर्नेथियो।" *(मत्ती २३:२३)*। त्यसरी नै समानान्तर अंशमा येशूले बिलाप गर्नुभएको लूकामा यसरी लेखिएको छ, "तिमीहरूले न्याय र परमेश्वरप्रतिको प्रेमलाई बेवास्ता गर्छौं।" *(लूका ११:४२)*।

**आज तपाईंले गहकिला कुराहरूमा ध्यान दिनुभयो भने त्यसलाई त हामीले शायद ध्यान दिएका साना तिना थोकहरूको निम्ति दशांस दिनुभन्दा कस्तो फरक देखिन्छ होला?**

# मेरो छिमेकी को हो?

येशूले दुई महान् आज्ञाहरूको घोषणा गर्नुभएपछि एक जना शास्त्रीले आएर उहाँलाई सोधेका थिए, "मेरो छिमेकी को हो त?" *(लूका १०:२९)*। उनले येशूका सामु आफूलाई धर्मात्मा ठहऱ्याउन खोजेका थिए। उनको प्रश्नको जवाफ दिँदै सबैलाई चकित पार्ने प्रख्यात अर्तीकथा उहाँले भन्नुहुन्छ। उहाँले असल सामरीको कथा भनेर तत्कालिन् यहूदी समाज, यहूदी धर्म र प्रतिष्ठित वर्गका मानिसहरूको इज्जतमा ठूलो धक्का त भएको थियो नै। [अझ उहाँले नै असल सामरी भन्नुभएन। यो "असल" बाइबलका अनुवादकहरूले थपेका हुन्। येशूले केवल "सामरी" मात्र भन्नुभएको थियो। उहाँले त्यस सामरीलाई असल वा खराब भनेर मूल्याङ्कन गर्नुभएको थिएन। निःसन्देह उसको कामले गर्दा ऊ असलको पङ्तिमा उभिन पुगेको थियो–अनुवादक]।

पढ्नुहोस्: **असल सामरीको अर्तीकथा लूका १०:२५-३७मा पढ्नुहोस्। मानव इतिहासभरि परमेश्वरका अगमवक्ता वा दूतहरूले दया देखाऊ, न्याय गर, सबै खालका अन्यायहरूलाई रोक भनेर बुलन्द आवाज उठाइरहेका छन्। राजनैतिक धारणा, जात, लिङ्ग, वर्ण, उमेर, सांस्कृति, संस्कार, समाज र धर्मको नाउँमा गरिने अनेक किसिमका अन्याय, अत्याचार, दमन येशूका निम्ति मान्य छैन भनेर त्यस अर्तीकथामा कसरी खुलेआम देखाइएको छ?**

येशू न्यायको बारेमा केवल भाषण छाँट्न मात्र आउनुभएन तर न्याय दिलाउन नै आउनुभएको थियो। अगमवक्ताहरूले न्यायको बारेमा तिब्र चाहना गरेका थिए, र उहाँले नै त्यसलाई पूरा गर्नुभएको थियो *(यशैया ६१:१, २को सन्दर्भमा लूका ४:१६-२१ हेर्नुहोस्)*। उहाँ सबै युगका र सबै राष्ट्रहरूका चाहना हुनुहुन्छ। तर विशेष गरेर तिनीहरूका निम्ति हो जसले अन्यायबाट उन्मुक्ति पाउन चाहनुपर्ने आवश्यकतालाई महसुस गर्दछन्।

येशू शत्रुरूपी शैतानको विपरित हुनुहुन्थ्यो। शैतानले परमेश्वरको अधिकार र सिंहासनलाई हडप्न खोजेको थियो। आजको समाज वा राजनैतिक क्षेत्रमा अत्याधुनिक

हतियारहरू उत्पादन गरेर एकले अर्कोलाई दबाउन सक्नु नै बहादुर भनेर मान्यता पाएको हुन्छ। त्यसको विपरित येशूले आफूलाई होच्याउनुभएर पाप, अन्याय र अत्याचारका शिकारमा परेकाहरूसँग पहिचान गर्नुभयो। उहाँले प्रेमकै नीतिलाई अवलम्बन गर्नुभएर शैतानलाई परास्त गर्नुभएको थियो। प्रेममा आफूलाई सुम्पिनुभएर उहाँले न्यायलाई स्थापना गर्नुभएको थियो। परमेश्‍वरलाई विश्‍वास गर्ने र उहाँका नीतिहरूमा चल्नेलाई उहाँले नै निर्दोष ठहऱ्याउनुहुन्छ। येशूले व्यवस्थाको न्याय, दया, करुणाका गरिमामय नीतिहरूलाई उचाल्न आह्‍वान गर्नुभएको थियो। त्यसलाई हामी सेभेन्थ-डे एड्भेन्टिस्टहरूले कसरी उचालिराख्ने?

भजनसंग्रह ९:८, ९मा उहाँले यो घोषणा गर्नुभएको छ, "उहाँले धार्मिकतासित संसारको न्याय गर्नुहुन्छ, उहाँले निष्पक्षतासित मानिसहरूमाथि शासन गर्नुहुन्छ। ९ थिचोमिचोमा परेकाहरूका निम्ति परमप्रभु किल्ला हुनुहुन्छ, कष्टको समयमा एउटा शरणस्थान।" त्यसरी नै भजनसंग्रह १४६ले यो थप्दछ, "उहाँले अत्याचारमा परेकाहरूका पक्षमा न्याय दिनुहुन्छ, र भोकाहरूलाई भोजन दिनुहुन्छ। परमप्रभुले कैदीहरूलाई मुक्त गरिदिनुहुन्छ। परमप्रभुले अन्धाहरूका आँखा खोलिदिनुहुन्छ। परमप्रभुले दबिएकाहरूलाई उठाउनुहुन्छ। परमप्रभुले धर्मीजनलाई प्रेम गर्नुहुन्छ। विदेशीहरूलाई परमप्रभुले रक्षा गर्नुहुन्छ! अनाथ र विधवालाई उहाँले सँभाल्नुहुन्छ, तर दुष्टहरूका युक्तिहरू उहाँले विफल पार्नुहुन्छ। परमप्रभुले सदासर्वदा राज्य गर्नुहुनेछ, ए सियोन, तिम्रा परमेश्‍वरले पुस्तौँ-पुस्तौँसम्म राज्य गर्नुहुनेछ।"

समाजमा थिचोमिचोमा परेकाहरू, आवश्यकतामा जाकिएकाहरू, दबिएकाहरू, हेपिएकाहरू, तिरस्कृत, दलित वर्गहरू, दुःख, कष्ट र पीडा भोगिरहेकाहरूलाई हामीले सेवा गर्नुपर्छ भनेर परमेश्‍वरले सिकाउनुभएका ती उपदेशहरू कस्ता स्पष्ट छन् भनेर हामी येशूभक्तहरूले आत्मसात गर्नुपर्दैन र?

**आवश्यकतामा वा रनभुल्लमा परेकाहरूकहाँ हामी जानुपर्छ भनेर येशूका जीवन र सेवाकार्यबाट हामी कसरी सिक्न सक्छौं? उहाँले जस्तो हामीले आश्‍चर्य कामहरू गर्न नसके तापनि हाम्रै क्षमताअनुसार सहयोग गरेर ती विपन्न र दुःखमा परेकाहरूको सेवा गरेर तिनीहरूको निम्ति हामी आश्‍चर्य कसरी हुन सक्छौं?**

**थप जानकारी:** एलेन जी. ह्वाइटको *द डिजाएर अभ एजेजको* पृ. २८१-२८९को “द शबाथ” भन्ने अध्याय पढ्नुहोस्।

“येशूलाई फसाउन यहूदी धर्मगुरुहरूले पठाएका सुराकीहरूले भिडको सामु सवाल जवाफ गर्न आँट गर्न सकेका थिएनन्। किनकि उहाँका वचनले तिनीहरू नै फस्नेछन् भनेर तिनीहरूलाई थाहा थियो। उहाँले केवल सत्य मात्र बोल्नुभएको थियो भनेर तिनीहरूलाई थाहा थियो। बाटोमा मुर्च्छा परिरहेको मानिसलाई राहत दिनुको सट्टा धर्म, जात र परम्पराको नाउँमा उसलाई त्यसै छोड्नु यहूदी पुजारी र लेवीले उचित ठानेका थिए। तर अमुक पशु खाल्डोमा पर्दा उसको मालिकबाट जस पाउन उसलाई उद्धार गरिन्थ्यो। धर्म र जातको नाउँमा मानिसलाई भन्दा अमुक पशुलाई ठूलो स्याहार गर्थ्यो। तर परमेश्वरको स्वरूपमा बनिएको मानिसलाई तिनीहरूले बेवास्ता गर्न पल्केका थिए। धर्मको नाउँमा झुटो व्यवहार वा आचरण गर्नेको ज्वलन्त उदाहरण यस घाइते भएर बाटोमा परेको व्यक्तिप्रति चासो नदेखाएकोले देखाउँछ। आचरण नै परमोधर्म भनेर सबै धर्महरूले सिकाए तापनि त्यसलाई व्यवहारमा नउतार्नु नै सबै झुटा धर्महरूको जग हो भनेर बुझ्नुपर्दछ। परमेश्वरभन्दा आफूलाई माथि उचाल्ने र अरूहरूलाई दबाएर आफूलाई उच्च पार्ने मानव प्रवृत्तिले गर्दा मानिस पशुभन्दा पनि निच ठहरिन पुगेको छ। [मानिस पशु हो भन्ने विज्ञानले सिकाउँदा सदव्यवहारमा नचल्ने मानिसले पशुकै बेइज्जत गरिरहेको हुन्छ–अनुवादक]। प्रत्येक धर्म जसले सृष्टिमा इज्जत देखाएको मानिसबाट इज्जत खोस्दछ वा लड्छन्, त्यो झुटो धर्म हो। ख्रीष्टमा मानिसको गौरवलाई पुनर्स्थापित गर्न अग्रसर हुनु प्रत्येक येशूभक्तको कर्तव्य हो। प्रत्येक देखावटी र झुटो धर्मले मानव आवश्यकताप्रति बेवास्ता गर्ने, उसलाई दुःख दिने र उसको अधिकारलाई खोस्न सिकाउँदछ। येशूका सुसमाचारको सन्देशले मानवलाई अत्यन्तै अमूल्य स्थानमा राख्दछ किनकि मानिस येशूका रगतले किनेको जीव हो। मानिसको दुःख, कष्ट र पीडाप्रति संवेदनशील र कोमल हुन ख्रीष्टले सिकाउनुहुन्छ। प्रभुले नै यो वाचा गर्नुभएको छ, ‘म मान्छेलाई निखुर सुनभन्दा दुर्लभ र ओपीरको सुनभन्दा पनि अझ अप्राप्य वा बहुमूल्य बनाउनेछु।’” यशैया १३:१२।

“येशूले धर्मका गुरु वा फरिसी पण्डितहरूलाई शबाथमा असल गर्नु ठिक छ कि खराब गर्नु ठिक छ, बचाउनु ठिक छ कि मार्नु ठिक छ भनेर सोध्नुहुँदा तिनीहरू नाजवाफ भएका थिए। यदि तिनीहरूले जवाफ दिए तिनीहरूकै दुष्ट चालहरूको भन्डाफोर हुन्थ्यो। येशूप्रति अति घृणा, रिस, इबी देखाएर ती धर्मगुरुहरूले उहाँलाई मार्न खोजेका थिए। उहाँले मानिसहरूलाई उद्धार गर्नुभएको थियो र भिडहरूलाई खुशी दिनुभएको थियो। येशूलाई नै शबाथमा मार्न तिनीहरूले उचित ठानेका थिए। उहाँले कष्टमा परेको मानिसलाई निको पारेर उसलाई राहत दिँदा ती धर्मका मतियारहरूले उहाँप्रति घोर आपत्ती देखाएका थिए।

मानिसहरूलाई प्रेम गर्नु र करुणा देखाउनुभन्दा धर्मी हुनु भनेको त हत्या गर्नु रहेछ भनेर ती धर्मगुरुहरूले सोचेका थिए। परमेश्वरको पवित्र दिनमा करुणा र दया देखाउनु ती धर्मका मतियारहरूका निम्ति अमान्य थियो।" *द डिजाएर अभ एजेज*, पृ. २८६, २८७।

## छलफलको लागि प्रश्नहरू:

**१. मानिसहरूका दुःखलाई बेवास्ता गर्ने प्रत्येक धर्म झुटो कसरी हुन सक्छ? हाम्रो चर्चमा र समुदायमा पनि त्यस झुटोमा नपर्न हामी कसरी सजग हुने?**

**२. मेरो छिमेकी को हो? तपाईंको छिमेकी को हो? धर्म, संस्कार, जाति आदिले खडा गरेका सिमा वा परिधिलाई प्रेमले उत्साहित भएर हामीले कसरी तोड्न सक्छौं जसले गर्दा हामी ख्रीष्टको अनुसरण गर्ने हुन्छौं?**

**३. यदि परमेश्वरले न्याय र दयालाई प्रेम गर्नुहुन्छ भने परमेश्वरको सम्मत हामी कसरी चल्न सक्छौं? येशूले जुन कुरा व्यवस्थाको गहन कुरा भन्नुभएको थियो, सो कुरामा बढी लाग्न हामी कसरी अग्रसर हुनुपर्दछ?**

**४. जब हामी न्यायको बारेमा सोच्छौं तब त्यो न्याय हामीले अरूहरूलाई कतिको प्रेम गर्छौं भन्ने कुरामा आधारित हुन्छ भनेर कसरी बुझ्ने? विशेष गरेर दबिएका र निराशमा परेकाहरूको सक्रिय रूपमा सेवा गर्ने येशूको आह्वानलाई हामीले कसरी आत्मसात गर्ने? हेर्नुहोस्, मत्ती २५:३१-४६को सन्दर्भलाई लिएर अरूहरूप्रति हाम्रो व्यवहार कस्तो हुनुपर्दछ?**

## मध्य पूर्वमा अड्किएको

*लेखक:* आन्ड्र्यु मेकचेस्ने

दक्षिण कोरियाबाट मध्यपूर्वमा विद्यार्थी मिसिनेरी हुन आएको किनाम जब मध्यपूर्वमा आइपुगिन् तब उनको संसार भताभुङ्ग हुन गएको थियो। उनी छोटो अवधिको निम्ति टुरिस्ट भिसामा आएकी थिइन्। त्यो ठाउँमा रहनको निम्ति भिसालाई नविकरण गर्नुपरेको थियो। यसले तिनी एक वर्षसम्म बस्न सक्थिन्। उनी बसेकी घरपतिले उनी त्यस घरमा रहेको भन्ने प्रमाणको निम्ति कागजमा सही गर्न राजी भए। तर अचानक त्यो कागजमा सही गर्न उसले धेरै पैसा माग्यो।

किनामसँग पैसा थिएन। विद्यार्थी मिसिनेरीको सानो समूहको अगुवासँग पनि पैसा थिएन। त्यहाँ भएको सानो एड्भेन्टिस्ट समूहसँग पनि पैसा थिएन। त्यहाँको एड्भेन्टिस्ट समूहमा गरिब शरणार्थीहरू मात्र थिए र तिनीहरू घरेलु चर्चमा आराधना गर्दथे।

किनामलाई के गरूँ के गरूँ भयो। उनी नयाँ कोठामा सर्न सक्दैनथी किनभने त्यहाँ विदेशीलाई हतपत कोठा भाडामा दिँदैनथ्यो। अवैध रूपमा त्यस ठाउँमा बस्न पनि सक्दैनथी। सरकारलाई घुस खुवाएर उनी बस्न पनि चाहिनन्।

उनले प्रार्थना गरिन्, "प्रभु तपाईंले मलाई यहाँ पठाउनुभयो। मेरो समस्या समाधान गरिदिनुहोस्।" उनले दुई महिनासम्म दिन-दिनै प्रार्थना गरिन्। उनका बाबुआमाले पनि दक्षिण कोरियामा प्रार्थना गरेका थिए। मिसिनेरी अगुवा र घरेलु चर्चका सदस्यहरूले पनि प्रार्थना गरे।

दुई महिना भयो त्यो घरपतिले कागजमा सही गरेनन्।

तब नयाँ भिसाको निम्ति इन्टर्भ्यु लिन किनाम जानुपरेको थियो। तर भिसाको निम्ति उनीसँग कागज थिएन। इन्टर्भ्यु भन्ना अघि मिसिनेरी अगुवाले फोन गरेर भने, "समस्या त समाधान होला। त्यसकारण हामी जाऔं।"

चर्चको सदस्यले घर जग्गा बेचबिखन गर्ने साहुसँग कुरा गर्न प्रभावित भएको महसुस गरेको उनलाई सुनाएको थियो। चर्चको सदस्यलाई त्यो साहुलाई चिनेको थियो र सोध्यो,

“मेरो साथीलाई सहयोग गर्न सक्नुहुन्छ कि?” साहुले भने, “पासपोर्ट ल्याऊ। उनी यहाँ रहेको भनेर प्रमाणित गर्न म सही गरिदिन्छु।”

किनाम स्तम्भित भइन्। उनले परमेश्वरलाई धन्यवाद मात्र दिन सकिन्।

साहुले कागजमा सही गरिदिए, र किनामले बस्न भिसा पाइन्।

त्यसपछि मध्यपूर्वमा उनको काममा परमेश्वरले आशिष् दिनुहुनेछ भन्ने कुरामा उनी ढुक्क भइन्। उनको कामले सात जना मानिसहरूले बप्तिस्मा लिए। “मानिसहरूलाई मुक्ति दिलाउन परमेश्वरले यहाँ खटाउनुभएको थियो। उहाँ मेरो प्रत्येक कदममा सहयोग गर्नुभएको थियो। परमेश्वरले नै मलाई बोलाउनुभएको थियो भन्ने कुरामा मलाई शङ्का छैन। यो आभारित हुने वर्ष थियो।”